# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मितिः २०८२।१२।२२ गते ।

# प्रेस विज्ञप्ति

## विषयः आरोपपत्र दायर गरिएको।

जिल्ला धनुषा, बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले आ.व. २०७६/०७७ मा दुई **थान बायो घुम्ती शौचालय** खरिद कार्यमा विनियोजित रकम खरिद ऐन विपरीत प्रतिस्पर्धा बिना सोझै खरिद गरी भ्रष्टाचार गरेको भन्नेसमेत ब्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा बृहत्तर जनकपुर क्षेत्रबिकास परिषद्का तत्कालीन अध्यक्ष शालीग्राम सिंह, कार्यकारी निर्देशक बलराम ठाकुर, प्रशासकीय अधिकृत चिरंजिविराज शर्मा ढुङ्गाना, लेखापाल सावित्री कुमारी गिरी, खरिदार मदन कुमार चौधरी सूडी, ईशिता ट्रेडर्स र सोका प्रोपाइटर पशुपति नाथ पाठकसमेतको आपसी मिलेमतो तथा योजनामा आफूसमेतलाई गैरकानुनी लाभ तथा नेपाल सरकार/वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्लाई गैरकानुनी हानी पुऱ्याउने बदनियतले आ.व. २०७६।०७७ मा वायो घुम्ती शौचालय मालसामान खरिद कार्य गर्दा २ वटा वायो घुम्ती शौचालाय खरिद मुल्य रु.३३,५०,९८६।— रकम कायम गरी Total Business Safety and Security Solutions, Undri, India बाट Pro-forma Invoice जारी गरे गराई आपूर्तिकर्तावाट Pro-forma invoice नै जारी भई सोही बमोजिम Letter of Credit (LC) खोलिसकेको अवस्थामा ईशिता ट्रेडर्सबाट अस्वभाविक मूल्य रु.५५,०२,८५४।- मा आपूर्ति गर्ने गरी खरिद प्रक्रिया अवलम्वन गरे गराएको, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ र दफा ५ बमोजिम स्पेसिफिकेसन तथा लागत अनुमान तयार गरी गराई सोही ऐनको दफा ५क. बमोजिम स्वीकृत गराउन पर्ने स्पष्ट कानुनी व्यवस्था भएकोमा स्पेशिफिकेसन र लागत अनुमान तयार नै नगरी नगराई सोही ऐनको दफा ६ बमोजिमको खरिद योजनासमेत तयार नगरी वायो घुम्ती शौचालय खरिदको लागि प्रक्रिया अघि बढाएको देखिएको, प्रतिवादीहरूले ईशिता ट्रेडर्सबाट पूर्व सहमतिबमोजिम दररेट माग गरे गराएकोमा Total Business Safety and Security Solution को झुट्टा तथा गलत अथोराईजेशन सर्टिफिकेटको समेत संलग्न गरी दररेट पेस गरी बोलपत्र आह्वान नगरी नगराई ईशिता ट्रेडर्ससँग खरिद सम्झौता गरे गराएको देखिएको, भुक्तानीको केही अंश ईशिता ट्रेडर्सलाई गरी बाँकी Total Business Safety and Security Solutions, Undri, India लाई भुक्तानी दिई दिन लगाई उक्त ईशिता ट्रेडर्सबाट उक्त मालसामान आपूर्ति नगरी नगराई Total Business Safety and Security Solutions, Undri, India बाट वायो घुम्ती शौचालय थान-२ Shibam Traders मार्फत भन्सार पास गरी आपूर्ति गरी गराई बृहत्तर जनकपुरक्षेत्र विकास परिषद्मा दाखिला गरी गराई जम्मा रु.५५,०२,८५४।-(पचपन्न लाख दुई हजार आठ सय चवन्न रुपैंया) आपसी मिलेमतोमा भुक्तानी लिए दिएको देखिंदा उक्त कार्यमा संलग्न देहाय बमोजिमका प्रतिवादीहरूउपर देहायबमोजिमको सजायको हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | बृहत्तर जनकपुर क्षेत्रविकास परिषद्का तत्कालीन अध्यक्ष **शालीग्राम सिंह** | रु.५५,०२,८५४।– | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसुरमा बिगो पचपन्न लाख दुई हजार आठ सय चवन्न रुपैंया कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ज) तथा |

| | | | |
|---|---|---|---|
| | | | भ्रष्टाचार निवारण ऐन २०५९ (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन तथा निज बृहत्तर जनकपुरक्षेत्र विकास परिषद्को अध्यक्ष पदमा रहेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुन मागदाबी लिइएको छ। |
| २. | बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का तत्कालीन कार्यकारी निर्देशक **बलराम ठाकुर**, तत्कालीन प्रशासकीय अधिकृत **चिरंजिविराज शर्मा ढुङ्गाना**, तत्कालीन लेखापाल **सावित्री कुमारी गिरी**, तत्कालीन खरिदार **मदन कुमार चौधरी सूडी** | जनही रु.५५,०२,८५४।– | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसुर भएको हुँदा निज प्रतिवादीलाई बिगो पचपन्न लाख दुई हजार आठ सय चवन्न रुपैंया कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन २०५९ (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन समेत मागदाबी लिइएको छ। |
| ३. | ईशिता ट्रेडर्स तथा सोका प्रोपाईटर **पशुपति नाथ पाठक** | रु.५५,०२,८५४।– | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसुरजन्य कार्य नगद तथा अन्य गैरकानुनी लाभ लिने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारहरूलाई बिगो पचपन्न लाख दुई हजार आठ सय चवन्न रुपैंया कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन २०५९ (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुने सजायलाई आधारमानी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाँक्याश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

सहायक प्रवक्ता
गणेश बहादुर अधिकारी